मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com


## ‘पूर्वप्रधानन्यायाधीशलाई सुरक्षा दिइएको हो’

**काठमाडौँ।**
सरकारले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणामाथि सुरक्षा खतरा देखिएपछि सुरक्षित स्थानमा सारिएको जनाएको छ । मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्ने क्रममा सञ्चारकर्मीको प्रश्नको जवाफ दिँदै सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले राणालाई पक्राउ वा नियन्त्रणमा नलिइएको स्पष्ट पारे । राणाको मोबाइलमा ‘टेक्स्ट मेसेज’ मार्फत सुरक्षा धम्की आएको र सोही आधारमा सुरक्षा निकायले उनलाई सुरक्षित स्थानमा सारेको मन्त्री पोखरेलले बताए।
‘उहाँलाई पक्राउ गरिएको होइन, नियन्त्रणमा लिइएको पनि होइन, उहाँको परिवारबाट थप सुरक्षा माग गर्दै निवेदनसमेत परेकाले सुरक्षाका लागि उद्धार गरेर सुरक्षित स्थानमा लगिएको हो,’ मन्त्री पोखरेलले भने । उनका अनुसार राणालाई आएको धम्की ‘जेन–जी’ समूहबाट नभई कुनै अपरिचित समूहबाट आएको थियो।


वर्ष ४ | अंक २९४ | २०८३ साल असोज १४ गते बुधबार | Wednesday 30, September 2026 | सूर्योदय: बिहान ०५:४७ बजे | सूर्यास्त: साँझ ०५:४३ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-


# राष्ट्रपति र प्रधानमन्त्रीसँग भारतीय राजदूतको बिदाइ भेट



**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले आज बिदाइ भेट गरेका छन्। राष्ट्रपति कार्यालयमा भएको भेटमा नेपाल–भारतबीचको द्विपक्षीय सम्बन्ध, आपसी हित र चासोका विषयमा छलफल भएको थियो।
राष्ट्रपति पौडेलले आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गरेकामा भारतीय राजदूत श्रीवास्तवलाई बधाई दिएको राष्ट्रपति कार्यालयका प्रवक्ता कृष्णबहादुर शाहीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

प्रधानमन्त्रीसँग बिदाइ भेट

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले प्रधानमन्त्री वालेन्द्र शाहसँग सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार बिदाइ भेट गरेका छन् । नेपालका लागि आफ्नो राजदूतको कार्यकाल सकेर फर्किन लागेका श्रीवास्तवले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेर प्रधानमन्त्री शाहसँग बिदाइ भेट गरेका हुन्।

# सुशासनमा प्रश्न, स्थानीय तहमा बेथिति
## नगराईन नगरपालिकाको मात्रै बेरुजु १८ करोड




**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको नगराइन नगरपालिकाको वित्तीय व्यवस्थापन र बजेट कार्यान्वयनमा व्यापक कमजोरी देखिएको छ । महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०८१÷८२ को लेखापरीक्षण गर्दा नगरपालिकाको वित्तीय विवरण, योजना कार्यान्वयन, आन्तरिक आय, बैंक हिसाब, सामाजिक सुरक्षा भत्ता र खर्च व्यवस्थापनमा विभिन्न कैफियत औँल्याएको हो।
महालेखापरीक्षकको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१÷८२ मा नगरपालिकाको बेरुजु ४९ लाख ९ हजार ९ सय ७१ रुपैयाँ कायम भएको छ । त्यसमध्ये २१ लाख ६२ हजार २ सय ६४ रुपैयाँ असुल गर्नुपर्ने, १६ लाख ३७ हजार ५ सय ३८ रुपैयाँ प्रमाण कागजात पेस गर्नुपर्ने र ११ लाख १० हजार १ सय ६९ रुपैयाँ नियमित गर्नुपर्ने प्रकृतिको रहेको छ।
विगत वर्षदेखि जिम्मेवारी सर्दै आएको बेरुजु पनि ठूलो छ । अघिल्लो वर्षसम्म कायम १७ करोड ४० लाख १८ हजार १ सय ६४ रुपैयाँ बेरुजुमा चालु वर्षको थप बेरुजु जोडिएपछि अद्यावधिक बेरुजु १७ करोड ८९ लाख २८ हजार १ सय ३५ रुपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ।
नगरपालिकाले तयार गरेको वित्तीय विवरणमै सबै आर्थिक कारोबार समेटिएको नदेखिएको महालेखापरीक्षकले जनाएको छ । सामाजिक सुरक्षा तथा संरक्षणतर्फ १६ करोड ६२ लाख ३० हजार ७ सय ३१ रुपैयाँ, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमतर्फ ५ लाख ८५ हजार ८ सय ५० रुपैयाँ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमतर्फ ६ लाख १५ हजार रुपैयाँ गरी कुल १६ करोड ७४ लाख ३१ हजार ५ सय ८१ रुपैयाँको कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) मा लेखांकन नगरिएको पाइएको हो।
सबै कारोबार सूत्रमा समावेश नगरिँदा नगरपालिकाको वास्तविक आर्थिक अवस्थाको पूर्ण चित्रण हुन नसकेको महालेखापरीक्षकको निष्कर्ष छ। सूत्रबाट तयार गरिएको स्थानीय सरकारको कोषको प्राप्ति तथा भुक्तानीसम्बन्धी एकीकृत वार्षिक प्रतिवेदन र नगरपालिकाले उपलब्ध गराएको आर्थिक विवरणबीच पनि उल्लेख्य फरक भेटिएको छ।
प्रतिवेदनअनुसार गत वर्षको जिम्मेवारीमा ४ हजार ३ सय ६९ रुपैयाँ २० पैसा, चालु वर्षको प्राप्तिमा २३ करोड २१ लाख ३ हजार ९ सय ९ रुपैयाँ २१ पैसा, भुक्तानीमा २२ करोड ७२ लाख ८३ हजार ९ सय २४ रुपैयाँ ७५ पैसा र बैंक मौज्दातमा ४८ लाख २४ हजार ३ सय ५३ रुपैयाँ ६५ पैसासम्म फरक देखिएको


*बाँकी पृष्ठ ३ मा*


# जनकपुरधाम कांग्रेस सभापतिमा लालबाबु




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत जनकपुरधाम उपमहानगरपालिका नगर सभापतिमा लालबाबु मिश्र निर्वाचित भएका छन्।
नगर सभापतिका लागि भएको निर्वाचनमा मिश्रले २४३ मत प्राप्त गरे। उनका निकटतम प्रतिस्पर्धी परमेश्वर साहले १७७ मत प्राप्त गरे। मिश्रले साहलाई ६६ मतको अन्तरले पराजित गरेका हुन् । निर्वाचनमा रामप्रसाद पजियारले ५४ र सञ्जीवले ४८ मत प्राप्त गरे।
नगर समितिको उपसभापतिमा वीरेन्द्रकुमार यादव १८८ मतसहित निर्वाचित भएका छन्। उनका प्रतिस्पर्धी मनमोहन साहले १६२ मत प्राप्त गरे । महिला उपसभापतिमा फुलकुमारी साह निर्वाचनअघि नै निर्विरोध निर्वाचित भइसकेकी छन्।
सचिवमा रामदयाल यादव १३४ मतसहित विजयी भएका छन्।
उनका प्रतिस्पर्धी ध्रुवनारायण मिश्रले १२३ र राहुल मिश्रले ११५ मत प्राप्त गरे । सहसचिवमा ज्ञानेश्वर मण्डल निर्वाचित भएका छन् भने कोषाध्यक्ष सदस्यहरूमध्येबाट चयन हुने व्यवस्था छ।
नगर समितिमा जनकपुरधामका २५ वटै वडा सभापति पदेन सदस्य रहने व्यवस्था छ। प्रत्येक वडाबाट दुई÷दुई जनाका दरले ५० जना सदस्य चयन हुनेछन् भने जेनजी समूहबाट तीन जना सदस्यसमेत चयन भएका छन्। कार्यसमिति सदस्यमा अनिल मिश्र र रामबाबु यादव रहेका छन्।
नवनिर्वाचित सभापति मिश्रले नगरका २५ वटै वडा कार्यसमितिलाई सक्रिय, सक्षम र अधिकारसम्पन्न बनाउने बताएका छन्।
वडा र नगर समितिबीचको समन्वय बलियो बनाउँदै पार्टी संगठनलाई जनस्तरसम्म विस्तार गर्ने आफ्नो प्राथमिकता रहेको उनले बताए।
मिश्र यसअघि कांग्रेसको १४औँ महाधिवेशनबाट सर्वसम्मतरूपमा जनकपुरधाम नगर सचिव निर्वाचित भएका थिए । नगर सचिवका रूपमा उनले वडा कार्यसमितिसँग समन्वय, संगठन सुदृढीकरण, कार्यकर्ता परिचालन तथा क्रियाशील सदस्यता वितरण र नवीकरणलगायतका काममा भूमिका निर्वाह गरेका थिए।
नगर सभापतिमा निर्वाचित भएपछि मिश्रले कार्यकर्तासँग नियमित संवाद, संगठन सञ्चालनमा पारदर्शिता र जवाफदेहिता तथा युवाको नेतृत्व विकासलाई प्राथमिकता दिने बताएका छन् । महिला, दलित, मधेशी, आदिवासी जनजाति तथा अल्पसंख्यकलगायत विभिन्न समुदायको अर्थपूर्ण


*बाँकी पृष्ठ ३ मा*


# अश्लील सम्वाद र भिडियोबाट ब्लाक मेल गर्ने पक्राउ

**मधेशदृष्टि**
**सर्लाही।**
ह्वाट्स एपमार्फत अश्लील संवाद तथा भिडियो तयार गरी त्यसैका आधारमा महिलालाई ब्ल्याकमेलिङ गरेको आरोपमा एक जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा बसबरिया गाउँपालिकाका शिव चरण मुखिया छन्।
जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार चिनजान तथा नातासम्बन्धका आधारमा विश्वासमा पारी एक महिलासँग पटक–पटक भिडियो कल गरी अश्लील संवाद तथा भिडियो रेकर्ड गरिएको थियो । सोही सामग्री देखाएर आफन्तलाई पठाइदिने तथा सामाजिक सञ्जालमा सार्वजनिक गरिदिने धम्की दिँदै ५० हजार रुपैयाँ माग गरेको आरोपमा पीडित महिलाले प्रहरीमा जाहेरी दिएकी थिइन्।
जाहेरीका आधारमा पक्राउ परेका मुखियालाई जिल्ला अदालत सर्लाहीबाट विद्युतीय कारोबार ऐनअन्तर्गत साइबर अपराधमा सात दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डीएसपी वेदप्रसाद गौतमले जानकारी दिए।




## सम्पादकीय

# नेपाली कांग्रेसको नेतृत्व चयन र युवा पुस्ता

नेपाली कांग्रेस १५ औँ महाधिवेशनमा होमिएको छ । यसका लागि उसले वडा तहबाटै सबै नेता चुनिनु पर्ने प्रजातान्त्रिक अभ्यास गरेको छ । यसमा केही नेताहरु वडा तहमै हारेका छन् । उनीहरु प्रजातान्त्रिक प्रक्रियामा कमजोर देखिएका हुन् ।

उसो त यसपटक युवा पुस्ताको पार्टीमा जबर्जस्त प्रवेश र पहुँच देखिएको छ । पालिका सभापति, महाधिवेशन प्रतिनिधिसँगै क्षेत्रीय र संघीय सभापतिमा युवा पुस्ताको उदय देखिएको छ ।

\यो उदयले नेपाली कांग्रेसमा गगन थापाको विशेष महाधिवेशन र युवा नेतृत्वलाई वडा तहमै अनुकरण गरेको आभाष भएको छ । यो अभ्यास नेकपा र नेकपा एमालेले पनि पर्न गर्न जरुरी छ ।

विस्तारै नेपाली कांग्रेसभित्रको विवाद पनि मत्थर हुने देखिएको छ । यो क्रमको अभ्यास कांग्रेसले आफ्नो महाधिवेशन दुई दिन पछाडि सारेर लचकता देखाइसकेको छ । अर्कातिर हिजो शेरबहादुर देउवा भन्दै आएका नेताहरु पनि अहिले गगन थापातिर लागेर सुरु भएको लिनविन्दु खोज्ने प्रयासमा अब कांग्रेस मिल्न मिल्न खोजेको आभाष भएको छ । मुलुकको ठूलो र पुरानो पार्टी झगडा नगरी युवालाई समेटेर अघि बढेकै राम्रो !

## जलवायु परिवर्तन, जलवायु न्याय र घरपझोङ सम्मेलनः

# स्थानीय आवाजदेखि राष्ट्रिय एजेन्डासम्म

–डा. दामोदर रेग्मी

जलवायु परिवर्तन आज मानव सभ्यताले सामना गरिरहेको जटिल, बहुआयामिक र दीर्घकालीन चुनौतीमध्ये एक हो । यो केवल वातावरणीय समस्या होइन; कृषि, खाद्य सुरक्षा, पानी, स्वास्थ्य, अर्थतन्त्र, रोजगारी, पूर्वाधार, गरिबी, मानव सुरक्षा र भावी पुस्ताको भविष्यसँग जोडिएको विकासको प्रश्न हो । औद्योगिक क्रान्तिपछि जीवाश्म इन्धनको व्यापक प्रयोग, तीव्र औद्योगिकीकरण, वन विनास, अनियन्त्रित सहरीकरण र प्राकृतिक स्रोतको अत्यधिक दोहनका कारण हरितगृह ग्यासको उत्सर्जन बढ्दै जाँदा पृथ्वीको तापक्रम वृद्धि भएको छ । परिणामस्वरूप हिमनदी पग्लने, हिमताल विस्फोटको जोखिम बढ्ने, वर्षाको स्वरूपमा परिवर्तन, बाढी, पहिरो, खडेरी, डढेलो तथा अन्य चरम मौसमी घटनाहरूको जोखिम बढिरहेको छ ।

जलवायु परिवर्तनको गम्भीरता बढ्दै गएसँगै यसको न्यूनीकरण र अनुकूलनका लागि अन्तरराष्ट्रिय तथा राष्ट्रिय तहमा विभिन्न प्रयास भएका छन् । संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि, क्योटो प्रोटोकल र सन् २०१५ को पेरिस सम्झौताले विश्वव्यापी जलवायु शासनको आधार निर्माण गरेका छन् । पेरिस सम्झौताले विश्वको तापक्रम वृद्धिलाई पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री सेल्सियसभन्दा निकै तल राख्ने तथा सम्भव भएसम्म १.५ डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष्यलाई स्थापित गरेको छ । राष्ट्रिय रूपमा निर्धारित योगदान, जलवायु विज्ञानसम्बन्धी अनुसन्धान, पूर्वचेतावनी प्रणाली, अनुकूलन, नवीकरणीय ऊर्जा र हरित प्रविधिको विकासले पनि समाधानका नयाँ सम्भावना सिर्जना गरेका छन् ।

औद्योगिक क्रान्तिपछि हरितगृह ग्यास उत्सर्जनमा भएको तीव्र वृद्धिले पृथ्वीको तापक्रम बढाउँदै लगेको छ । यसको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि विगत केही दशकदेखि अन्तरराष्ट्रिय तथा राष्ट्रिय तहमा विभिन्न प्रयास हुँदै आएका छन् । पेरिस सम्झौता, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि तथा जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलजस्ता पहलले जलवायु परिवर्तनलाई विश्वव्यापी नीति र विकासको केन्द्रमा ल्याउन महत्वपूर्ण योगदान गरेका छन् ।

जलवायु परिवर्तन नियन्त्रणका क्षेत्रमा भएका प्रयासबाट केही महत्त्वपूर्ण उपलब्धि पनि हासिल भएका छन् । नवीकरणीय ऊर्जाको विकास र प्रयोग विस्तार भएको छ, ऊर्जा दक्षता तथा विद्युतीय यातायाततर्फ विश्वको ध्यान बढेको छ, वन संरक्षण तथा पुनःस्थापनाका कार्यक्रम अघि बढेका छन् र धेरै देशले कार्बन उत्सर्जन घटाउने राष्ट्रिय लक्ष्य निर्धारण गरेका छन् । जलवायु परिवर्तनसम्बन्धी जोखिम, अनुकूलन र विपद् व्यवस्थापनलाई विकास योजनासँग जोड्ने अभ्यास पनि बढेको छ । निजी क्षेत्र, नागरिक समाज, स्थानीय समुदाय र युवाको सहभागिता विस्तार हुनु अर्को सकारात्मक उपलब्धि हो ।

यी प्रयासबाट उपलब्धिहरू पनि हासिल भएका छन् । सौर्य, वायु, जलविद्युत्लगायत नवीकरणीय ऊर्जाको प्रयोग विस्तार भएको छ । विद्युतीय यातायात, ऊर्जा दक्ष प्रविधि, हरित भवन, स्वच्छ उत्पादन प्रणाली र कम–कार्बन अर्थतन्त्रको अवधारणा अघि बढेको छ । वन संरक्षण, वृक्षरोपण, जलाधार संरक्षण, जलवायु–स्मार्ट कृषि तथा अनुकूलनका कार्यक्रम विस्तार भएका छन् । जलवायु परिवर्तनलाई सार्वजनिक नीति र विकास योजनाको अभिन्न विषयका रूपमा हेर्ने क्रम बढेको छ भने नागरिक समाज, युवा, निजी क्षेत्र र स्थानीय समुदायको सहभागिता पनि विस्तार भएको छ । यति प्रयासहरू हुदाँहँदै पनि विश्वव्यापी तापक्रम वृद्धि नियन्त्रण गर्न आवश्यक गतिमा उत्सर्जन घट्न सकेको छैन र जीवाश्म इन्धनमा निर्भरता अझै ठूलो छ । जलवायु परिवर्तनका प्रभाव तीव्र हुँदै जाँदा प्रतिबद्धता र कार्यान्वयनबीचको अन्तर अझै चुनौतीका रूपमा रहेको छ । यही कारण जलवायु परिवर्तनलाई केवल उत्सर्जन न्यूनीकरणको प्राविधिक विषयका रूपमा होइन, न्यायको विषयका रूपमा पनि हेर्नुपर्ने आवश्यकता बढेको हो ।

**जलवायु परिवर्तनबाट जलवायु न्यायतर्फ**

जलवायु परिवर्तनको सबैभन्दा महत्त्वपूर्ण पक्ष यसको असमानता हो । सबै देश र समुदायले जलवायु परिवर्तनमा समान योगदान गरेका छैनन् र यसको असर पनि सबैले समान रूपमा भोगिरहेका छैनन् । ऐतिहासिक रूपमा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने औद्योगिक तथा विकसित मुलुकको तुलनामा नेपालजस्ता न्यून उत्सर्जन गर्ने देशले जलवायु परिवर्तनको असमान रूपमा ठूलो असर व्यहोर्नुपरेको छ । हिमाली क्षेत्रमा हिमनदी पग्लनु, हिमताल विस्फोटको जोखिम, अनियमित वर्षा, बाढी, पहिरो, खडेरी तथा कृषि उत्पादनमा आउने परिवर्तनले स्थानीय समुदाय र जोखिममा रहेका वर्गलाई प्रत्यक्ष प्रभावित गरिरहेका छन् ।

जलवायु न्यायको प्रश्न केवल 'उत्सर्जन कसरी घटाउने ?' भन्ने प्रश्न होइन । यसको अर्को महत्त्वपूर्ण प्रश्न हो– जसले बढी उत्सर्जन गरे, उनीहरूले बढी जिम्मेवारी कसरी वहन गर्ने र जसले कम योगदान गरे तर बढी क्षति व्यहोरे, उनीहरूलाई वित्त, प्रविधि, क्षमता र आवश्यक सहयोग कसरी उपलब्ध गराउने भन्ने विषय प्राथमिक हो । यही सन्दर्भमा साझा तर विभेदित जिम्मेवारी, समानता, अन्तरपुस्तीय न्याय, क्षति तथा नोक्सानीको सम्बोधन, जलवायु वित्तमा पहुँच र प्रविधि हस्तान्तरण महत्त्वपूर्ण हुन्छन् । जलवायु परिवर्तनका कारण भएको क्षति तथा नोक्सानीलाई अन्तरराष्ट्रिय रूपमा स्वीकार गर्दै वित्तीय संयन्त्र विकास हुनु सकारात्मक कदम भए पनि त्यसको प्रभावकारी कार्यान्वयन र पर्याप्त स्रोत परिचालन अझै आवश्यक छ ।

नेपालको सन्दर्भमा जलवायु न्यायको अर्थ हिमाल, पहाड र तराईका फरक–फरक जोखिमलाई सम्बोधन गर्नुमात्र होइन; जलवायु नीति र कार्यक्रमलाई कृषि, ऊर्जा, वन, पर्यटन, स्वास्थ्य, पूर्वाधार, वित्तीय प्रणाली, सङ्घीय शासन र स्थानीय विकाससँग जोड्नु पनि हो । महिला, युवा, किसान, विपन्न समुदाय, आदिवासी जनजाति तथा प्राकृतिक स्रोतमा निर्भर समुदायको आवाज र सहभागितालाई जलवायु शासनको केन्द्रमा राख्नु आवश्यक छ । जलवायु परिवर्तनविरुद्धको सङ्घर्षलाई केवल 'हरित विकास' मा सीमित नराखी 'न्यायपूर्ण हरित विकास'मा रूपान्तरण गर्नुपर्ने आवश्यकता देखिन्छ । जलवायु नीतिको सफलता उत्सर्जन घटेको तथ्याङ्कबाट मात्र होइन, कति मानिस सुरक्षित भए, कति समुदायको जीवनयापन जोगियो र स्रोत तथा अवसरको वितरण कति न्यायपूर्ण भयो भन्ने आधारमा पनि मूल्याङ्कन हुनुपर्छ ।

**हिमाली संवेदनशीलता र स्थानीय शासन**

नेपाल जलवायु परिवर्तनका दृष्टिले विशेष संवेदनशील मुलुक हो । हिमाल, पहाड र तराईमा जलवायु परिवर्तनका प्रभाव फरक–फरक रूपमा देखिन्छन् । हिमनदी र हिमतालसँग जोडिएका जोखिमदेखि पहाडी क्षेत्रमा पहिरो, पानीका मुहान सुक्ने समस्या तथा तराईमा बाढी र अत्यधिक गर्मीका घटनासम्म जलवायु परिवर्तनले जीवन र अर्थतन्त्रलाई प्रभावित गरिरहेको छ । हिमालयको महत्व नेपालमा मात्र सीमित छैन; यसको पारिस्थितिक प्रणाली पानी, कृषि, ऊर्जा, जैविक विविधता र दक्षिण एसियाका करोडौँ मानिसको जीवनसँग सम्बन्धित छ । यस्तो अवस्थामा जलवायु शासनलाई स्थानीय तहसम्म पु¥याउनु अपरिहार्य हुन्छ । सडक, खानेपानी, कृषि, वन, पर्यटन, स्वास्थ्य, बस्ती विकास र विपद् व्यवस्थापनजस्ता क्षेत्र स्थानीय सरकारका दैनिक कार्यक्षेत्रसँग प्रत्यक्ष सम्बन्धित छन् ।

जलवायु जोखिमलाई स्थानीय विकास योजनामा समेट्न नसक्दा विकासका लागि गरिएको लगानी स्वयं जोखिममा पर्न सक्छ । त्यसैले स्थानीय तहका योजना निर्माणमा जलवायु जोखिम मूल्याङ्कन, अनुकूलन क्षमता, विपद् जोखिम न्यूनीकरण र वातावरणीय दिगोपनलाई अभिन्न अङ्ग बनाउन आवश्यक छ । यही व्यापक पृष्ठभूमिमा नेपालको मुस्ताङस्थित घरपझोङ गाउँपालिकामा सम्पन्न घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३ विशेष महत्वको पहलका रूपमा देखापरेको छ ।

**घरपझोङ सम्मेलनः स्थानीय आवाजको राष्ट्रिय अभिव्यक्ति**

गत भदौ ३० र ३१ मा मुस्ताङको घरपझोङमा सम्पन्न दुईदिने सम्मेलनले जलवायु परिवर्तनलाई वातावरणीय विषयमा मात्र सीमित नराखी विकास, आर्थिक समृद्धि, सामाजिक न्याय र मानवअधिकारसँग जोडिएको बहुआयामिक विषयका रूपमा प्रस्तुत गरेको छ । कालीगण्डकीको तट र हिमाली भूभागको परिवेशमा सम्पन्न सम्मेलनको विशेष महत्व यसको भौगोलिक अवस्थितिमात्र होइन, देशभरका स्थानीय सरकारलाई जलवायु परिवर्तनको साझा मुद्दामा एउटै मञ्चमा ल्याउने प्रयासमा पनि रहेको छ ।

सम्मेलनमा ४३१ स्थानीय तह तथा ४१ जिल्ला समन्वय समितिका प्रतिनिधि सहभागी भएको तथ्यले यसको राष्ट्रिय आयाम देखाउँछ । प्रारम्भिक तयारीमा देशका ७५३ वटै स्थानीय तहलाई सहभागिताका लागि आह्वान गरिएको थियो । यसले जलवायु परिवर्तन अब सङ्घीय सरकार वा वातावरणविद्हरूको मात्र विषय नभई नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहेका स्थानीय सरकारको पनि जिम्मेवारीको विषय बनिसकेको सङ्केत गर्दछ । सम्मेलनको केन्द्रमा जलवायु न्याय रहेको थियो ।

नेपालले विश्वव्यापी उत्सर्जनमा न्यून योगदान गरे पनि हिमाली संवेदनशीलताका कारण ठूलो जोखिम व्यहोर्नुपरेको विषय सम्मेलनमा उठाइएको थियो । हिमनदी पग्लिने क्रम, हिमताल फुट्ने जोखिम, अनियमित हिमपात, हिमपहिरो, सुक्खा पहिरो, पानीका मुहान तथा सिँचाइमा देखिएका समस्या र त्यसको कृषि, पशुपालन तथा पर्यटनमा परेको प्रभावबारे छलफल गरिएको थियो । यस सम्मेलनले जलवायु परिवर्तनको बहसलाई विश्वव्यापी तापक्रम, कार्बन उत्सर्जन र अन्तरराष्ट्रिय प्रतिबद्धताबाट उठाएर स्थानीय जीवन, स्थानीय अर्थतन्त्र र स्थानीय शासनसँग जोड्ने प्रयास गरेको छ ।

**हिमाली एजेन्डा र जलवायु कूटनीति**

घरपझोङ सम्मेलनको अर्को महत्त्वपूर्ण पक्ष नेपालको हिमाली मुद्दालाई राष्ट्रियमात्र नभई अन्तर्राष्ट्रिय जलवायु एजेन्डासँग जोड्नु हो । हिमालयमा भइरहेको परिवर्तनको प्रभाव नेपालका सीमाभन्दा बाहिरसम्म पुग्ने भएकाले हिमालय संरक्षणलाई विश्वव्यापी जलवायु उत्तरदायित्वको विषयका रूपमा प्रस्तुत गर्नुपर्ने आवश्यकता छ । नेपालले अन्तरराष्ट्रिय जलवायु मञ्चमा आफ्नो न्यून उत्सर्जन र उच्च जोखिमको अवस्थालाई प्रभावकारी रूपमा प्रस्तुत गर्दै माउन्टेन एजेन्डा र जलवायु न्यायका विषयलाई सशक्त बनाउनुपर्ने आवश्यकता सम्मेलनले औँल्याएको छ । जलवायु कूटनीतिलाई विकास सहायता वा वित्त प्राप्त गर्ने प्रयासमा मात्र सीमित नगरी हिमाली पारिस्थितिक प्रणालीको संरक्षण र प्रभावित समुदायको अधिकारसँग जोड्नु आवश्यक देखिन्छ ।

**घरपझोङ घोषणापत्र**

सम्मेलनको महत्त्वपूर्ण उपलब्धिका रूपमा ४९ बुँदे घरपझोङ घोषणापत्र, २०८३ जारी गरिएको छ । घोषणापत्रले जलवायु सङ्कटलाई वातावरणीय विषयमा मात्र सीमित नराखी राष्ट्रिय विकास, आर्थिक समृद्धि, सामाजिक न्याय र मानवअधिकारसँग जोडिएको बहुआयामिक सङ्कटका रूपमा स्वीकार गरेको छ । जलवायु अनुकूल योजना, सुरक्षित बस्ती विकास, जलवायु–सहिष्णु कृषि, प्राकृतिक स्रोत संरक्षण, पानीका मुहान तथा हिमनदी संरक्षण, फोहर व्यवस्थापन र जोखिम न्यूनीकरणलाई प्राथमिकता दिने प्रतिबद्धता यसमा समेटिएको छ ।

घोषणापत्रले समावेशी जलवायु शासनलाई पनि महत्व दिएको छ । महिला, युवा, आदिवासी जनजाति तथा सीमान्तकृत समुदायलाई नीति तथा निर्णय प्रक्रियामा अर्थपूर्ण रूपमा सहभागी गराउने प्रतिबद्धता व्यक्त गरिएको छ । जलवायु परिवर्तनको असर सबै समुदायमा समान नहुने भएकाले जोखिममा रहेका समुदायको अनुभव, आवश्यकता र स्थानीय ज्ञानलाई नीति निर्माणको आधार बनाउनु आवश्यक हुन्छ । यसैसँग परम्परागत ज्ञान र आधुनिक विज्ञानबीचको समन्वय पनि महत्त्वपूर्ण छ । हिमाली तथा ग्रामीण समुदायले पुस्तौँदेखि पानीका मुहान संरक्षण, स्थानीय बीउ, पशुपालन, प्राकृतिक स्रोत व्यवस्थापन र मौसमसम्बन्धी स्थानीय ज्ञान प्रयोग गर्दै आएका छन् । आधुनिक जलवायु विज्ञान, पूर्वचेतावनी प्रणाली र प्रविधिसँग यस्तो ज्ञानलाई जोड्न सकेमा जलवायु अनुकूलन अझ प्रभावकारी बन्न सक्छ ।

**स्थानीय सरकार र जलवायु वित्त**

सङ्घीय शासन प्रणालीमा नागरिकसँग सबैभन्दा नजिक रहेको सरकार स्थानीय तह हो । जलवायु परिवर्तनको वास्तविक प्रभाव पनि स्थानीय बस्ती, खेत, सडक, पानीका मुहान, विद्यालय, स्वास्थ्य संस्था र स्थानीय अर्थतन्त्रमा देखिन्छ । स्थानीय सरकारलाई जलवायु परिवर्तनको कार्यन्वयनकर्तामात्र होइन, नीति निर्माणको साझेदारका रूपमा स्थापित गर्न आवश्यक छ तर जिम्मेवारीसँगै स्रोत र क्षमता पनि आवश्यक हुन्छ । स्थानीय तहलाई पर्याप्त वित्तीय स्रोत, प्राविधिक जनशक्ति, सूचना, प्रविधि र संस्थागत क्षमता उपलब्ध गराउनुपर्छ ।

यसै सन्दर्भमा जलवायु वित्तमा स्थानीय पहुँच अत्यन्त महत्त्वपूर्ण विषय हो । अन्तरराष्ट्रिय जलवायु वित्त स्थानीय तहसम्म प्रभावकारी रूपमा पुग्न नसकेमा वास्तविक जोखिममा रहेका समुदायले अपेक्षित लाभ पाउन सक्दैनन् । स्थानीय जोखिम, भौगोलिक संवेदनशीलता, जनसङ्ख्या र सामाजिक अवस्थालाई आधार बनाएर जलवायु वित्तको वितरण गर्नु आवश्यक देखिन्छ । जलवायु वित्तलाई स्थानीय तहका आवधिक योजना र वार्षिक बजेट प्रणालीसँग जोड्न सकिएमा जलवायु अनुकूलन कार्यक्रमलाई परिणाममुखी बनाउन सकिन्छ । प्रत्येक स्थानीय तहले आफ्नो स्थानीय जलवायु जोखिम नक्सा तयार गरी जोखिममा रहेका बस्ती, पानीका मुहान, कृषि प्रणाली, पूर्वाधार तथा बढी प्रभावित हुनसक्ने समुदाय पहिचान गर्न सक्छ । यसले जलवायु परिवर्तनको बहसलाई नाराबाट तथ्यमा आधारित र परिणाममुखी शासनतर्फ लैजान सक्छ ।

**घोषणापत्रको कार्यान्वयनमा प्रतिबद्धता आवश्यक**

कुनै पनि सम्मेलनको वास्तविक सफलता घोषणापत्र जारी हुनुमा मात्र निर्भर हुँदैन । घोषणापत्रको कार्यान्वयन नै यसको वास्तविक परीक्षा हो । ४९ बुँदे प्रतिबद्धता स्थानीय, प्रदेश र सङ्घीय सरकारका नीति तथा कार्यक्रमसँग कसरी जोडिन्छ, त्यसका लागि आवश्यक स्रोत कहाँबाट जुटाइन्छ, कार्यान्वयनको अनुगमन कसरी हुन्छ र प्राप्त उपलब्धिको मापन कसरी गरिन्छ भन्ने विषय निर्णायक हुनेछन् । यसका लागि घरपझोङ घोषणापत्रलाई राष्ट्रिय जलवायु नीति, राष्ट्रिय अनुकूलन योजना तथा स्थानीय तहका आवधिक योजना र वार्षिक बजेटसँग जोड्न आवश्यक छ ।

स्थानीय तहका योजना बनाउँदा जलवायु जोखिमलाई छुट्टै वातावरणीय कार्यक्रमका रूपमा मात्र नभई कृषि, खानेपानी, सडक, स्वास्थ्य, पर्यटन, बस्ती विकास, विपद् व्यवस्थापन र स्थानीय आर्थिक विकासका सबै क्षेत्रमा मूलप्रवाहीकरण गर्नुपर्छ । सम्मेलनले 'स्थानीय सरकार जलवायु पार्क' स्थापना गर्ने घोषणा गर्नुका साथै प्रत्येक दुई वर्षमा राष्ट्रियस्तरको जलवायु सम्मेलन आयोजना गरी संवाद र सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता पनि व्यक्त गरेको छ । यी पहलहरूलाई ज्ञान, अनुभव, प्रविधि र असल अभ्यास आदानप्रदान गर्ने संस्थागत मञ्चका रूपमा विकास गर्न सकिएमा यसको दीर्घकालीन उपयोगिता अझ बढ्न सक्छ ।

यस सम्मेलनको मूल सन्देश यही हो कि जलवायु परिवर्तनको समाधान केन्द्रबाट मात्र आउँदैन; यसको समाधान स्थानीय समुदायबाट पनि निर्माण हुनुपर्छ । हिमालको समस्या हिमालमै सीमित छैन र तराईको बाढी तराईमै सीमित छैन । जलवायु परिवर्तनले हिमाल, पहाड र तराईलाई फरक–फरक रूपमा प्रभावित गरिरहेको छ । त्यसैले स्थानीय अनुभव, ज्ञान, आवश्यकता र नवप्रवर्तनलाई राष्ट्रिय जलवायु रणनीतिको अभिन्न हिस्सा बनाउनुपर्छ ।

जलवायु परिवर्तनका क्षेत्रमा विश्वले महत्त्वपूर्ण प्रयास र केही उपलब्धि हासिल गरेको भए पनि चुनौती अझ गम्भीर छ । त्यसैले अबको जलवायु नीति उत्सर्जन घटाउने विषयमा मात्र केन्द्रित हुनु पर्याप्त हुँदैन । कसले बढी योगदान गर्‍यो, कसले बढी क्षति व्यहोर्‍यो, स्रोत कसरी न्यायपूर्ण रूपमा वितरण हुन्छ र भावी पुस्ताको अधिकार कसरी सुरक्षित हुन्छ भन्ने प्रश्नलाई पनि केन्द्रमा राख्नुपर्छ । नेपालका लागि जलवायु सङ्कट चुनौतीमात्र होइन, विकासको नयाँ बाटो रोज्ने अवसर पनि हो । हरित ऊर्जा, जलवायु–सहिष्णु कृषि, वातावरणमैत्री पर्यटन, वन तथा जलाधार संरक्षण, हरित रोजगारी र स्थानीय नवप्रवर्तनमार्फत जलवायु–अनुकूल अर्थतन्त्र निर्माण गर्न सकिन्छ तर यस्तो विकासको लाभ र लागत न्यायपूर्ण रूपमा वितरण हुनुपर्छ ।

यस अर्थमा घरपझोङ सम्मेलनलाई नेपालको जलवायु शासनमा स्थानीय आवाजलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय जलवायु एजेन्डासँग जोड्ने महत्त्वपूर्ण प्रयासका रूपमा लिन सकिन्छ । यसको वास्तविक महत्व सम्मेलन सम्पन्न भएको घटनामा होइन, यसले उठाएका सवाल कति गहिरोसँग नीति, योजना, बजेट, संस्था र व्यवहारमा रूपान्तरण हुन्छन् भन्ने कुरामा निर्भर हुनेछ ।

घरपझोङको ४९ बुँदे प्रतिबद्धता स्थानीय तहको योजना र बजेटमा, स्थानीय जलवायु जोखिमको नक्सामा, जलवायु वित्तको न्यायपूर्ण पहुँचमा, हिमाली एजेन्डाको अन्तरराष्ट्रिय पैरवीमा र नागरिकको दैनिक जीवनमा रूपान्तरण हुन सक्यो भने घरपझोङ एउटा सम्मेलन स्थलको नाममा सीमित रहने छैन । त्यो जलवायु न्याय, स्थानीय शासन र हिमाली आवाजलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याउने प्रतीक बन्नसक्छ । जलवायु परिवर्तनविरुद्धको हाम्रो यात्रा केवल पृथ्वीको तापक्रम घटाउने यात्रा होइन; यो मानव जीवन सुरक्षित गर्ने, प्रकृति जोगाउने, विकासलाई न्यायपूर्ण बनाउने र भावी पुस्ताप्रति हाम्रो दायित्व पूरा गर्ने यात्रा हो । यही यात्रामा घरपझोङको आवाजले स्थानीय अनुभवलाई राष्ट्रिय सङ्कल्प र राष्ट्रिय सङ्कल्पलाई विश्वव्यापी जलवायु न्यायसँग जोड्ने सेतुको भूमिका निर्वाह गर्नसक्छ । रासस

# तरकारीखेतीले फेरिएको जीवन

–दीपक बोहरा/रासस

दाङको तुलसीपुर उपमहानगरपालिका–१३, बखरीगाउँका ७० वर्षीय सुन्दरलाल चौधरीको दैनिकी आजभोलि पनि आफ्नै हरियो करेसाबारीमा बित्छ । हातमा कोदालो बोकेर उहाँ बिहानैदेखि अर्गानिक तरकारी र वन कृषि फर्ममा व्यस्त देखिनुहुन्छ । उमेरले सात दशक नाघिसक्दा पनि उहाँको कृषिप्रतिको मोह भने घटेको छैन ।

आफू १६ वर्ष हुँदा तरकारीखेती सुरु गरेका सुन्दरलाल विगत पाँच दशकभन्दा लामो समयदेखि माटोसँग खेल्दै आउनुभयो । 'खेतीपाती मेरो जीवनको अभिन्न अङ्ग बनिसक्यो,' उहाँले भन्नुभयो । उहाँको यो निरन्तरताले केवल घरको छाक मात्र टारेको छैन, तरकारीखेतीकै कमाइबाट दुई वटा गाडीसमेत किन्न सफल बनाएको छ । घरमै गाडी भएपछि उहाँका तीन छोराहरूले गाडी चलाउन सिकेपछि उहाँहरुलाई पनि आत्मनिर्भर हुन सहज भएको छ ।

सुन्दरलालको करिब डेढ बिघा जग्गामध्ये १० कट्ठामा व्यावसायिक तरकारीखेती भइरहेको छ । उहाँको बारीमा सिजनअनुसारका काँक्रो, लौका, फर्सी, भान्टा, करेला, गोलभेँडा, खुर्सानीलगायतका तरकारीखेती हुने गर्छन । तरकारी र फलफूलखेतीबाटै उहाँले वार्षिक रु एक लाख ५० हजारदेखि दुई लाखसम्म आम्दानी गर्दै आएको बताउनुभयो ।

त्यस्तै कडा परिश्रम र निरन्तरता दिने हो भने माटोमै सुन फलाउन सकिन्छ भन्ने अर्को गतिलो उदाहरण बन्नुभएको छ, तुलसीपुर–१३ बखरियाकै नवराज रावत । उहाँले पनि विगत १९ वर्षदेखि व्यावसायिक रूपमा गोलभेँडाखेती गर्दै आउनुभएको छ । २०६४ सालदेखि निरन्तर रुपमा उहाँ गोलभेँडाखेतीमा व्यस्त हुनुहुन्छ । उहाँ घरबाट अंशबन्डा हुँदा आठ कट्ठा जग्गा भाग परेको थियो । त्यही जग्गाबाट गोलभेँडाखेतीमा लाग्नुभएका उहाँ अहिले डेढ बिघा जग्गामा तरकारीखेती गर्नुहुन्छ । त्यो जग्गा पनि तरकारीखेतीबाटै जोडेको उहाँ बताउनुहुन्छ । 'सुरुमा मेरो आठ कट्ठा मात्रै थियो, त्यही जग्गाबाट तरकारीखेती सुरु गरेँ,' उहाँले भन्नुभयो, 'त्यसबेला केही जग्गा भाडामा लिएर पनि खेती गरेँ, अहिले डेढ विघा जग्गासमेत जोड्न सफल भएको छु ।'

त्यति मात्रै होइन, गोलभेँडाखेती गरेरै रावतले बखरियामा रु एक करोडभन्दा बढी खर्च गरेर पक्की घरसमेत बनाउनुभएको छ । उहाँले मासिक रु एक लाखभन्दा बढी गोलभेँडोतीबाटै आम्दानी गर्दै आएको बताउनुहुन्छ । रावतले उत्पादन गरेको गोलभेँडा अहिले दाङमा मात्र सीमित छैनन् । सुर्खेत र बुटवलसम्मका बजारमा पुग्ने गरेको छ । पछिल्लो समय नजिकैको शीतलपुरमा हाटबजार निर्माण भएपछि बजारीकरणमा थप सहज भएको उहाँ बताउनुहुन्छ ।

उहाँको फार्ममा अहिले १२ जनाभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् । बखरिया क्षेत्र तरकारी उत्पादनका हिसाबले उत्तम क्षेत्र हो । जहाँ अन्य किसानहरुसहित गरी ४५ बिघाभन्दा बढी क्षेत्रफलमा यसरी तरकारीखेती हुने गरेको छ ।

तरकारीखेतीमै रमाउनेमा तुलसीपुर उपमहानगरपालिका–१६ रत्नै निवासी सुनिता चौधरी पनि हुनुहुन्छ । करिब तीन वर्षअघि तरकारीखेतीसम्बन्धी तालिम लिएपछि निरन्तर यही पेसामा आबद्ध भएर वार्षिक पाँच लाखभन्दा बढी आम्दानी गर्ने गरेको उहाँ बताउनुहुन्छ । आठ कट्ठा क्षेत्रफलमा गोलभेँडा, बोडी, भिन्डीलगायतका तरकारी उत्पादन गरेर आफैँ बजारसम्म लैजाने गरेको उहाँले यो पेसाले आफूलाई सन्तुष्ट बनाएको बताउनुभयो । 'म एकल महिला पनि हुँ, समय बिताउन गाह्रो हुन्थ्यो,' उहाँले भन्नुभयो, 'दिनभर तरकारीखेतीमै व्यस्त हुन्छु, बिहान आफैँ छिटुवामा बोकेर बजारसम्म लैजान्छु, समय बिताउन निकै सहज भएको छ, आम्दानी पनि उत्तिकै छ ।'

सुनिताजस्तै खेतीमा व्यस्त हुनुहुन्छ तुलसीपुर उपमहानगरपालिका–१३ बखरियाकी सुलोचना शेर्पा । कुनैबेला टिकटक, फेसबुकमा दिन बिताउने उहाँ अहिले घरआँगनसँगै जोडिएको ११ कट्ठा जग्गामा कागतीखेती गर्नुभएको छ । युट्युबबाटै सिकेर उहाँ यसरी तरकारीखेतीमा व्यस्त हुनुभएको हो । 'मैले युट्युब हेरेर कागतीखेतीका बारेमा धेरै जानकारी पाएँ,' उहाँले भन्नुभयो, 'त्यसले गर्दा नै अहिले कागतीखेती गरिरहेकी छु ।' पाँच वर्षदेखि उहाँ यसै खेतीमा निरन्तर व्यस्त हुनुहुन्छ । आफ्नो बारीमा तीन सय वटा कागतीका बिरुवा रोपेकी सुलोचनाले गएको वर्षबाट राम्रो प्रतिफल पाउन थाल्नुभएको छ । गत वर्ष सबै खर्च कटाएर उहाँले रु डेढ लाख आम्दानी गर्न सफल हुनुभएको थियो ।

तुलसीपुर–११, मोतिपुरकै किसान यज्ञ खत्रीको तरकारीखेतीमा फरक अनुभव छ । उहाँले तरकारीखेती सुरु गरेको २२ वर्षभन्दा बढी भयो । जतिबेला घरमा खानका लागि पर्याप्त तरकारीसमेत हुँदैनथ्यो । बालबच्चालाई कसरी पढाउने र उनीहरूको भविष्य कसरी सुरक्षित गर्ने भन्ने चिन्ताले उहाँलाई सताउने गथ्र्यो । 'पहिले त खाने तरकारीसमेत हुँदैनथ्यो, बालबच्चा कसरी पढाउने भन्ने पिर हुन्थ्यो,' उहाँले भन्नुभयो, 'जब तरकारीखेती गरेँ, त्यसपछि जीवन धान्न निकै सहज भयो ।' हाल उहाँले डेढ विघामा कृषि खेती गर्नुभएको छ । 'छोराछोरीले राम्रो स्कुल पढ्न पाएका छन्, तरकारीखेती गरेर पक्की घर बनेका छन्,' उहाँले भन्नुभयो, 'तरकारी खेतीले निकै सहज बनाएको छ ।' उहाँका अनुसार सोही ठाउँमा तरकारी खेती गरेरै धेरै किसानको जीवनस्तर सुधार भएको छ ।

समुदायलाई अर्गानिकमा जोड्दै दाङको तुलसीपुर उपमहानगरपालिका–१६, रत्नैका विनोद चौधरी भने तरकारीखेतीमा मात्रै व्यस्त हुनुहुन्न, उहाँ अर्गानिक कृषिखेतीको नेतृत्वसमेत गरिरहनुभएको छ । वर्षौंदेखि दुई बिघाभन्दा बढी जमिनमा तरकारीखेती गर्दै आउनुएका उहाँ पछिल्लो समय पाँच कट्ठामा अर्गानिक खेतीको अभ्यास सुरु गर्नुभएको छ भने गाउँका अन्य १० किसानलाई समेत समेटेर अर्गानिक कृषिमा आबद्ध गराउनुभएको छ । उहाँले 'मिलीजुली कृषक समूह' गठन गरेर अर्गानिक रुपमा गोलभेँडा, काँक्रा, बोडी, सिमी, लौका, करेलालगायतका तरकारी फलाउँदै आउनुभएको छ । 'हामीले समूह नै बनाएर अर्गानिक खेती सुरु गरेका छौँ,' उहाँले भन्नुभयो, 'अहिले १० जना किसान यसमा आबद्ध छौँ ।' अहिले रासायनिक मलको साटो गड्यौला मल, झोल मल र गोबर मल प्रयोग गर्ने गरेको उहाँले बताउनुभयो । उहाँ आफैँ गड्यौला पालेर प्रतिकिलो रु १२ सयमा गड्यौला र प्रतिगोटा रु ३० मा किनबेचसमेत गर्नुहुन्छ ।

यस्तै अर्गानिक खेतीको अभियानमा हुनुहुन्छ–तुलसीपुर उपमहानगरपालिका–११ मोतिपुरका दीपक चौधरी । विगत १२ वर्षदेखि निरन्तर तरकारीखेतीमा रमाउनुभएका चौधरी भन्नुहुन्छ, 'सुरुआती वर्षहरूमा रासायनिक मलकै प्रयोग गर्थे तर, पछिल्लो एक वर्षदेखि प्राङ्गारिक मल प्रयोग गर्ने गरेको छु ।' अहिले उहाँले आफ्नै बारीमा उत्पादित गड्यौला मल प्रयोग गरेर अर्गानिक तरकारी उत्पादन गरिरहनुभएको छ । हाल सात कट्ठामा तरकारीखेती गरिरहनुभएका उहाँ हिउँदको समयमा यसलाई विस्तार गरेर १७ कट्ठाभन्दा बढी पु¥यानुहुन्छ । तरकारीखेतीबाटै उहाँले वार्षिक रु चार लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ ।

बजारमा पाइने विषादीयुक्त तरकारीलाई न्यूनीकरण गर्न तुलसीपुर उपमहानगरपालिका–११ मोतिपुरका किसान जुगराम चौधरीले पनि यसरी प्राङ्गारिक मल नै प्रयोग गर्दै आउनुभएको छ । नतासाह कृषि फर्ममार्फत काउली, आलु, गोलभेँडा, बोरी, लौकाको व्यवसाय गर्दै आउनुभएका उहाँले हाल प्राङ्गारिक मल प्रयोग गर्ने गरेको बताउनुभयो ।

प्राङ्गारिक मल प्रयोग गर्दा कहिलेकाहीँ किराले सताउने गरेको उहाँले बताउनुहुन्छ । एक बिघाभन्दा बढी क्षेत्रफलमा तरकारीखेती गर्दै आउनुभएका उहाँले हाल गड्यौला मलको प्रयोग गर्दै आउनुभएको छ । तरकारीखेतीबाटै उहाँले वार्षिक आठ लाखभन्दा बढी आम्दानी गर्नुहुन्छ ।

तुलसीपुर– १६ कै चेतबहादुर डाँगी पनि अहिले अर्गानिक कृषकका रुपमा चिनिन थाल्नुभएको छ । स्थानीय 'रग्गे मिलिजुली समूह' मा आबद्ध भएपछि उहाँ पनि यसरी तरकारीखेतीमा आकर्षित हुनुभएको हो । तीन वर्षदेखि चेतबहादुर पूर्ण रूपमा अर्गानिक तरकारीखेतीमा तल्लीन हुनुहुन्छ । हाल उहाँको बारीमा काँक्रा, बोडी र गोलभेँडाजस्ता तरकारी लटरम्म फलेका देखिन्छन् ।

यी केही उदाहरणहरु तरकारीखेती गरेरै राम्रो आम्दानी गर्ने किसानहरुका हुन् । स्वदेशमै पनि तरकारीखेतीबाट राम्रो आम्दानी गर्न सकिन्छ भन्ने सन्देश यी किसानहरुका उदाहरणबाट पनि हेर्न सकिन्छ । तुलसीपुर उपमहानगरपालिकाले कृषि खेतीमा लागेकाहरुलाई प्रोत्साहन गर्ने नीति ल्याएको उपमहानगरपालिकाका कृषि शाखा प्रमुख कुलराज दहितले बताउनुभयो । किसानहरुको कृषि बिमा गर्न प्रोत्साहनस्वरुप चालु आर्थिक वर्ष २०८३÷८४ मा उपमहानगरपालिकाले नै बिमाबापतको रकम उपलब्ध गराउने गरी बजेट बिनियोजन गरेको बताउनुभयो । 'सङ्घीय सरकारले बिमामा ८० प्रतिशत तिरिदिने गरेको छ,' उहाँले भन्नुभयो, 'बाँकी किसानले तिर्ने हो, तर चालु वर्षदेखि उपमहानगरपालिकाले तिरिदिनेछ ।'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# शिक्षा र विपद् व्यवस्थापनका विषयमा सार्वजनिक सुनुवाइ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको शहीदनगर नगरपालिका–५ पचहर्वामा सार्वजनिक शिक्षा, जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणका विषयमा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ । महिला, बालबालिका तथा सामाजिक न्याय समिति र प्रदेश मामिला समितिको आयोजना, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) संसद् सहयोग परियोजनाको सहयोग तथा पिपल प्रोमोट सेन्टर (पीपीसी) को समन्वयमा कार्यक्रम आयोजना गरिएको हो।




सार्वजनिक सुनुवाइमा स्थानीयस्तरमा शिक्षाको पहुँच, विद्यालयको भौतिक तथा शैक्षिक अवस्था, विद्यार्थीले भोगिरहेका समस्या र गुणस्तरीय शिक्षाका लागि आवश्यक पहलका विषयमा छलफल भएको थियो । सहभागीहरूले विद्यालय तहमा देखिएका समस्यालाई स्थानीय तह र प्रदेश सरकारले प्राथमिकताका साथ सम्बोधन गर्नुपर्नेमा जोड दिएका थिए।

त्यस्तै, जलवायु परिवर्तनका कारण स्थानीय क्षेत्रमा देखिन थालेका असर, वर्षायाममा हुने डुबान तथा अन्य प्राकृतिक विपद्बाट उत्पन्न हुन सक्ने जोखिम र त्यसबाट हुने क्षति न्यूनीकरणका उपायबारे पनि छलफल गरिएको थियो।

स्थानीय नागरिक तथा सरोकारवालाले विपद् आउनुअघि नै जोखिमयुक्त क्षेत्रको पहिचान, पूर्वतयारी र आवश्यक स्रोतसाधनको व्यवस्थापन गर्नुपर्ने बताएका थिए।

कार्यक्रममा सहभागीहरूले शिक्षा, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण एकअर्कासँग जोडिएका विषय भएकाले स्थानीय तह, प्रदेश सरकार, विद्यालय तथा समुदायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताएका थिए । मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले लोकतन्त्रमा जनताकालागि सबैभन्दा ठूलो शक्ति मताधिकार रहेको बताए।

सार्वजनिक सुनुवाई कार्यक्रममा सभामुख यादवले मताधिकार ठूलो शक्ति रहेको बताउनु भयो । सार्वजनिक सुनुवाईमा जलवायु परिवर्तन, विपद जोखिमले शिक्षालाई प्रभावित गरिरहेको गुनासो आएपछि सभामुख यादवले यी क्षेत्रमा काम गर्ने योग्य उम्मेदवार आउने दिनमा छनौट गर्न स्थानीयलाई आग्रह गरे । उनले बालबालिकाकालागि विद्यालय बनाउँछ, अस्पताल बनाउँछ, सडक बनाई दिन्छ वा दिंदैन यो सब विचार गरेर जनप्रतिनिधि चुन्न आग्रह गरे।

सार्वजनिक सुनुवाईमा मधेश प्रदेशसभाको महिला, बालबालिका तथा सामाजिक न्याय समितिका सभापति रुपा यादवले तीन तहको सरकार भएपनि प्रदेश सरकारसंग शिक्षासंग सम्बन्धित कयौँ अधिकार नरहेकाले काम गर्न कठिनाई भईरहेको बताए । उनले प्रदेश सरकारभन्दा स्थानीय सरकारसंग अधिक अधिकार भएपनि शिक्षाको क्षेत्रमा सोचे अनुरुप काम गर्न नसकेको आरोप लगाए।

सार्वजनिक सुनुवाइमा स्थानीयस्तरमा शिक्षाको अवस्था, विद्यालयका समस्या, विद्यार्थीको पहुँच तथा गुणस्तरीय शिक्षाका विषयमा छलफल गरिएको थियो । कार्यक्रममा प्रदेशसभा सदस्य रत्नेश्वरलाल गोइत, शहीदनगर नगरपालिकाका उपप्रमुख सुनिता सिंह, युएनडिपीको संसद सहयोग परियोजनाका बिटुबाबु श्रीवास्तव, पिपल प्रमोट सेन्टरका अध्यक्ष कमलेश मण्डल सहितको उपस्थिति रहेको थियो।

# प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा २५ हजार सहयोग

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१२, मुर्लीस्थित सगरमाथा एकेडेमीले सामाजिक उत्तरदायित्वअन्तर्गत 'प्रधानमन्त्री दैवी प्रकोप राहत कोष'मा २५ हजार २२५ रुपैयाँ सहयोग गरेको छ । विपद्का कारण प्रभावित नागरिकलाई राहत तथा आवश्यक सहयोग उपलब्ध गराउने उद्देश्यले विद्यालयले उक्त रकम सहयोग गरेको हो।

एकेडेमीले एनप्याब्सन केन्द्रीय कमिटी मार्फत २५ हजार २२५ रुपैयाँ बराबरको चेक राहत कोषका लागि हस्तान्तरण गरेको जनाएको छ । विद्यालयका प्रिन्सिपल जियालाल गुप्ताका अनुसार प्राकृतिक विपद्का कारण प्रभावित क्षेत्रका नागरिकलाई आवश्यक सहयोग पुगोस् भन्ने उद्देश्यले विद्यालय परिवारको तर्फबाट उक्त सहयोग उपलब्ध गराइएको हो । विपद्को समयमा प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि विभिन्न क्षेत्रबाट सहयोग




आवश्यक रहेको भन्दै विद्यालयले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरेको जनाएको छ।

विद्यालय प्रशासनका अनुसार शिक्षा प्रदान गर्ने कार्यसँगै सामाजिक तथा मानवीय सेवामा पनि भूमिका निर्वाह गर्नुपर्ने मान्यताअनुसार राहत कोषमा सहयोग गरिएको हो । यस्ता सहयोगमूलक गतिविधिले विद्यार्थी तथा विद्यालय परिवारमा सामाजिक उत्तरदायित्व र मानवीय भावनाको विकास गर्न सकारात्मक भूमिका खेल्ने विद्यालयको विश्वास छ । सगरमाथा एकेडेमीले आगामी दिनमा पनि आवश्यकता र परिस्थितिअनुसार सामाजिक तथा मानवीय कार्यमा सहयोग गर्दै जाने जनाएको छ।

# जडान नहुँदै सोनमाका दुई कृषि ट्रान्सफर्मर चोरी, विद्युत् सेवा सञ्चालन गर्न किसानको माग



**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको सोनमा गाउँपालिकाका किसानले चोरी भएका दुईवटा कृषि ट्रान्सफर्मर तत्काल खोजी गरी विद्युत् सेवा सञ्चालन गर्न माग गरेका छन् । सोनमा गाउँपालिका–२ र ६ मा किसानको सिँचाइ प्रयोजनका लागि जडान गर्न राखिएका नयाँ ट्रान्सफर्मर चोरी भएपछि स्थानीय किसानले जिल्ला प्रशासन कार्यालय र विकास पूर्वाधार कार्यालय महोत्तरीमा पुगेर ध्यानाकर्षण गराएका हुन्।

स्थानीयका अनुसार असोज १० गते राति विद्युत् प्रसारणसमेत सुरु नभएका दुवै ट्रान्सफर्मर अज्ञात समूहले चोरी गरेको हो । ट्रान्सफर्मर चोरी भएपछि धान खेतीका लागि सिँचाइ गर्न समस्या भएको भन्दै किसानले घटनाको तत्काल छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेका छन्।

किसान तथा स्थानीयले चोरी भएका दुवै ट्रान्सफर्मरको खोजी गर्न, प्रभावित क्षेत्रमा तत्काल नयाँ ट्रान्सफर्मर जडान गरी विद्युत् सेवा सञ्चालन गर्न तथा बाँकी रहेका ट्रान्सफर्मरको सुरक्षा व्यवस्था प्रभावकारी बनाउन माग गरेका छन्। यस्तै, यस्ता घटना दोहोरिन नदिन सम्बन्धित निकायबीच आवश्यक समन्वय गर्नसमेत स्थानीयले आग्रह गरेका छन् । स्थानीयको मागपछि महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारीले घटनाको छानबिन गरी दोषी पत्ता लगाउन जिल्ला प्रहरी कार्यालय महोत्तरीलाई पत्राचार गरिएको जानकारी दिनुभएको छ।

महोत्तरीमा आर्थिक वर्ष २०८२÷८३ मा मात्रै २८ वटा ट्रान्सफर्मर चोरी भएको जनाइएको छ।

# जीवितै महिलाको उद्दार

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको मौलापुर नगरपालिका–४ स्थित लालबकैया खोलाबाट प्रहरीले एक महिलाको जीवितै उद्धार गरेको छ । माधवनारायण नगरपालिका–१ दिपहीटोलकी ३५ वर्षीया ललिता देवी पासवान खोलाको पानीमा डुबिरहेको अवस्थामा भेटिएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय मौलापुरका प्रहरी निरीक्षक भरत केसीको टोली घटनास्थल पुगेको थियो । प्रहरी निरीक्षक केसीले जोखिम मोलेर खोलामा प्रवेश गरी पासवानको उद्धार गर्नुभएको हो । उद्धारपछि उनलाई इलाका प्रहरी कार्यालय मौलापुरमा ल्याइएको र स्वास्थ्य अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । घटनाबारे परिवारलाई जानकारी गराइएको छ भने घटनाको कारणबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

# टिपरको ठक्करबाट बालिकाको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम–ढल्केवर सडकखण्डअन्तर्गत धनुषाको रमदैयास्थित राजदेव मन्दिर अगाडि मंगलबार टिपरको ठक्करबाट चार वर्षीया बालिकाको मृत्यु भएको छ।

प्रदेश ०३–००१ ख ८५४५ नम्बरको टिपरले महोत्तरीको लोहारपट्टी नगरपालिका–३ निवासी रामनाथ रामकी चार वर्षीया छोरी नैनसीलाई ठक्कर दिंदा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए।

टिपरको ठक्ककरबाट गम्भीर घाइते भएकी नैनसीको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । घटनापछि प्रहरीले टिपर र चालकलाई नियन्त्रणमा लिएर दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक खनालले बताए।

# बाँकी मुअब्जा तथा क्षतिपूर्तिको माग



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–२५ श्रीसियाका स्थानीयवासीले ड्राइपोर्ट निर्माणका क्रममा अधिग्रहण गरिएको जग्गाको बाँकी मुआब्जा तथा त्यसमा रहेका भौतिक संरचनाको क्षतिपूर्ति तत्काल उपलब्ध गराउन माग गरेका छन् । लामो समयदेखि मुआब्जा प्रक्रिया टुंगोमा पुग्न नसक्दा प्रभावित जग्गाधनी तथा परिवार आर्थिक र सामाजिक समस्यामा परेको भन्दै स्थानीयवासीले सम्बन्धित निकायसँग समस्या शीघ्र समाधान गर्न आग्रह गरेका हुन्।

मुआब्जा संघर्ष समिति वीरगंज–२५ श्रीसियाका अध्यक्ष अशोककुमार चौधरीको हस्ताक्षरमा स्थानीयवासीले वीरगंज भन्सारका प्रमुख भन्सार प्रशासक कृष्ण मैनालीलाई मंगलवार ज्ञापनपत्र बुझाउँदै वर्षौंदेखि रोकिएको मुआब्जा प्रक्रिया तत्काल टुंग्याउन माग गरेका छन् । ज्ञापनपत्रमा करिब दुई दशकअघि ड्राइपोर्ट निर्माणका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा प्रक्रिया अझै पूर्ण रूपमा सम्पन्न हुन नसकेको उल्लेख छ।

# मधेश विश्वविद्यालय र एन प्याब्सनबीच छलफल

**मधेशदृष्टि**
**वीरगंज।**
उच्च शिक्षा छात्रवृत्ति, शिक्षक तालिम तथा विद्यालय तहको पाठ्यक्रम विकासका विषयमा मधेश विश्वविद्यालय र

नेसनल प्याब्सनबीच छलफल भएको छ। मधेश विश्वविद्यालयका उपकुलपति प्रा. डा. दीपक शाक्य र नेसनल प्याब्सनकी केन्द्रीय अध्यक्ष गीता क्षेत्री राणासहितका पदाधिकारीबीच भएको छलफलमा योग्यताका आधारमा समेत छात्रवृत्ति उपलब्ध गराउने विषयमा जोड दिइएको छ।

त्यसैगरी, कक्षा १ देखि ८ सम्मका शिक्षकलाई तालिम दिने, विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउने तथा प्राविधिक र व्यावसायिक विषयलाई पाठ्यक्रममा समेट्ने विषयमा छलफल भएको जनाइएको छ । दुवै संस्थाबीच सम्झौता गरी शिक्षक तालिम, पाठ्यक्रम विकास र छात्रवृत्तिसहितका कार्यक्रम चरणबद्ध रूपमा अघि बढाउने तयारी गरिएको छ।

# जनकपुरधाम कांग्रेस सभापतिमा...

सहभागिता बढाउने उनको भनाइ छ। उनले क्रियाशील सदस्यताको अभिलेख व्यवस्थित गर्ने, नयाँ पुस्तालाई पार्टीसँग जोड्ने तथा कार्यकर्ताका लागि राजनीतिक र नेतृत्व विकाससम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने योजना पनि अघि सारेका छन्।

जनकपुरधामका नागरिक, बुद्धिजीवी, पेशाकर्मी, युवा तथा सामाजिक संघसंस्थासँग पार्टीको जनसम्पर्क विस्तार गर्ने उनको भनाइ छ।

आगामी निर्वाचनलाई लक्षित गर्दै वडा तहदेखि नै संगठनलाई व्यवस्थित बनाउने तथा सामाजिक सञ्जाल र आधुनिक सञ्चार माध्यममार्फत पार्टीका नीति, कार्यक्रम र गतिविधि जनतासमक्ष पुर्याउने योजना पनि मिश्रले सार्वजनिक गरेका छन्।

उनले 'वडा बलियो, संगठन बलियो, कार्यकर्ता बलियो, कांग्रेस बलियो' भन्ने नारालाई आधार बनाएर नगर संगठन अघि बढाउने बताएका छन्।

# सुशासनमा प्रश्न, स्थानीय तहमा...

छ । महालेखापरीक्षकले सबै आर्थिक कारोबार सूत्रमा समावेश गरी वित्तीय विवरणलाई यथार्थपरक बनाउन भनेको छ।

विकास बजेटको उपयोग कमजोर

नगरपालिकाले आर्थिक वर्ष २०८१÷८२ मा आन्तरिक आय, राजस्व बाँडफाँड र अनुदानसहित ३९ करोड १८ लाख ३९ हजार ४ सय ८२ रुपैयाँ आम्दानी गरेको थियो। त्यसमध्ये चालुतर्फ १८ करोड ६१ लाख ५९ हजार ४ सय ४३ रुपैयाँ र पुँजीगततर्फ ७ करोड २४ लाख २३ हजार ४ सय ९९ रुपैयाँ खर्च भएको छ।

अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त रकममध्ये चालुतर्फ ७१.९९ प्रतिशत र पुँजीगततर्फ २८.०१ प्रतिशत मात्रै खर्च भएको महालेखापरीक्षकले जनाएको छ । प्रशासनिक प्रकृतिको खर्च तुलनात्मक रूपमा बढी देखिएकाले चालु खर्च नियन्त्रण गरी विकास निर्माणमा बढी रकम परिचालन गर्न सुझाव दिइएको छ।

पुँजीगत खर्चको समयगत अवस्था पनि असन्तुलित देखिएको छ। वर्षभरिमा ७ करोड २४ लाख २३ हजार ४ सय ९९ रुपैयाँ पुँजीगत खर्च भएको भए पनि पहिलो, दोस्रो र तेस्रो चौमासिकमा कुनै खर्च नभएको प्रतिवेदनमा उल्लेख छ । सम्पूर्ण पुँजीगत खर्च चौथो चौमासिकमा भएकोमा असारमा मात्रै १ करोड २६ लाख ८७ हजार ३ सय ३४ रुपैयाँ खर्च भएको छ। यो कुल पुँजीगत खर्चको १७.५ प्रतिशत हो।

वर्षको अन्तिम समयमा मात्रै खर्च गर्दा कामको गुणस्तरमा असर पर्न सक्ने भन्दै महालेखापरीक्षकले स्वीकृत कार्यक्रमअनुसार चौमासिक रूपमा सन्तुलित खर्च गर्न सुझाव दिएको छ।

नगरपालिकाले सोही आर्थिक वर्षमा १५ वटा योजना छनोट गरी बजेट विनियोजन गरेकोमा दुईवटा योजना मात्रै कार्यान्वयन भएका छन्। बाँकी १३ वटा योजना कार्यान्वयन हुन नसकेको प्रतिवेदनमा उल्लेख छ । संघीय सरकारबाट सशर्त रूपमा प्राप्त रकमअन्तर्गतका योजनाबाहेक अन्य योजनाको छनोट र कार्यान्वयन प्रभावकारी नभएको महालेखापरीक्षकले जनाएको छ।

योजना छनोट गर्दा गरिबी न्यूनीकरण, उत्पादनमूलकता, रोजगारी सिर्जना, स्थानीय स्रोतको उपयोग, समावेशी विकास, दिगोपना तथा वातावरण संरक्षणजस्ता पक्षलाई आधार बनाउनुपर्ने भए पनि त्यसअनुसार प्रभावकारी कार्यान्वयन हुन नसकेको प्रतिवेदनले औँल्याएको छ।

नगरपालिकाको आन्तरिक आम्दानीसमेत न्यून देखिएको छ। आर्थिक वर्ष २०८१÷८२ मा नगरपालिकाको आन्तरिक आय ३७ लाख १८ हजार ७२ रुपैयाँ मात्रै रहेको छ। केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.९८ प्रतिशत मात्रै रहेको महालेखापरीक्षकले जनाएको छ।

आन्तरिक आयको दायरा विस्तार गर्नुपर्नेमा जोड दिँदै महालेखापरीक्षकले नगरपालिकाले असुल गरेको आय र सूत्रमा देखिएको विवरणसमेत मिलान गर्न निर्देशन दिएको छ। नगरपालिकाले ४९ लाख ३ हजार ९ सय ८४ रुपैयाँ ३४ पैसा आन्तरिक आय असुल गरेको विवरण दिए पनि सूत्रमा सोभन्दा कम रकम देखिएको प्रतिवेदनमा उल्लेख छ।

बजेट निर्माण प्रक्रियामा समेत कानुनी व्यवस्था पालना नभएको पाइएको छ। स्थानीय सरकार सञ्चालन ऐनअनुसार स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने भए पनि नगरपालिकाले समिति गठन नगरेको महालेखापरीक्षकले जनाएको छ। त्यस्तै, मध्यकालीन खर्च संरचना तयार नगरेको र दिगो विकासका लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्ने गरी आवधिक योजना लागू गरेको समेत नदेखिएको प्रतिवेदनमा उल्लेख छ।

अभिलेख र खर्च व्यवस्थापनमा पनि कैफियत

सामाजिक सुरक्षा भत्ता वितरणमा लाभग्राहीको विवरण समयमै अद्यावधिक नगर्दा बढी भुक्तानीको जोखिम देखिएको छ । मृत्यु भएका, बसाइँ सरेका, उमेर पूरा भएका वा अन्य कारणले लाभग्राही सूचीबाट हटाउनुपर्ने व्यक्तिको लगत समयमै कट्टा नगरेको भन्दै बढी भुक्तानी भएको रकम यकिन गरी फिर्ता गर्न महालेखापरीक्षकले भनेको छ।

नगरपालिकाका बैंक खाता र लेखा विवरणबीच पनि फरक भेटिएको छ । स्थानीय तह सञ्चित कोष खातामा बैंक विवरणअनुसार लेखाभन्दा ४४ लाख ८३ हजार ३ सय १९ रुपैयाँ बढी रकम देखिएको छ । विविध खर्च खातामा १८ लाख १४ हजार ५ सय ७६ रुपैयाँ र स्थानीय तह विपद् व्यवस्थापन खातामा १ हजार १ सय ५५ रुपैयाँ बैंक बढी देखिएको प्रतिवेदनमा उल्लेख छ।

यस्तै, भ्रमण तथा अनुगमनका लागि ८ लाख ६७ हजार १ सय ९५ रुपैयाँ खर्च भए पनि भ्रमण अभिलेख व्यवस्थित नराखिएको, भ्रमण तथा अनुगमन प्रतिवेदन नभएको र आवश्यक स्वीकृतिबिना दैनिक भ्रमण भत्ता भुक्तानी गरिएको महालेखापरीक्षकले जनाएको छ। नियमअनुसार अभिलेख र प्रमाण कागजात राखेर मात्रै भ्रमण खर्च भुक्तानी गर्न सुझाव दिइएको छ।

नगरपालिकाका विभिन्न भुक्तानीमा खाजा, खाना तथा चियाका नाममा भएको खर्चमा समेत मितव्ययिता अपनाउनुपर्ने महालेखापरीक्षकले औँल्याएको छ। स्वास्थ्य संस्थाका लागि औषधि तथा सामग्री खरिदमा पनि आवश्यकता पहिचान, मौज्दात विवरण, उत्पादन मिति, म्याद सकिने मिति र ब्याच नम्बरलगायतका अभिलेख व्यवस्थित नरहेको पाइएको छ।

बर्थिङ सेन्टरमा अघिल्लो वर्षको मौज्दात, चालु वर्षको खरिद र बाँकी सामग्रीको एकीकृत अभिलेख नभएकाले वास्तविक मौज्दात यकिन गर्न नसकिएको प्रतिवेदनमा उल्लेख छ।

नगरपालिकाले विभिन्न भुक्तानीमा कट्टी गरेको करसमेत समयमै दाखिला नगरेको पाइएको छ । वित्तीय विवरणमा वर्षान्तसम्म ८ हजार ८ सय ५३ रुपैयाँ १२ पैसा कर दायित्व देखिए पनि लेखापरीक्षण अवधिसम्म सम्बन्धित खातामा दाखिला नभएको महालेखापरीक्षकले जनाएको छ।

त्यसैगरी, अघिल्लो आर्थिक वर्षको दायित्वसमेत बजेटमा समावेश नगरी भुक्तानी गरिएको छ । सशस्त्र प्रहरी बल नेपाललाई नगर प्रहरीको तालिम दिएबापत ३ लाख ६५ हजार १ सय ५३ रुपैयाँ भुक्तानी गरिएको भए पनि उक्त दायित्व नगरसभाबाट निर्णय गराई बजेटमा समावेश गरिएको नदेखिएको प्रतिवेदनमा उल्लेख छ।

नगराइन नगरपालिकाले आर्थिक वर्ष २०८१÷८२ मा १ अर्ब ११ करोड ९७ लाख ६५ हजार ९९ रुपैयाँ बराबरको आय–व्यय कारोबार गरेको थियो। तर, महालेखापरीक्षकको लेखापरीक्षणले वित्तीय विवरणको पूर्णता, आन्तरिक नियन्त्रण, बैंक हिसाब, योजना कार्यान्वयन, बजेट खर्च र अभिलेख व्यवस्थापनमा सुधार आवश्यक रहेको देखाएको छ।

नगरपालिकाको अद्यावधिक बेरुजु १७ करोड ८९ लाख रुपैयाँभन्दा बढी पुगिसकेको अवस्थामा असुल गर्नुपर्ने रकम असुल गर्ने, प्रमाण पेस गर्नुपर्ने बेरुजु फछ्र्योट गर्ने र नियमित गर्नुपर्ने रकमलाई कानुनी प्रक्रिया पूरा गरी व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

महालेखापरीक्षकले बेरुजु फछ्र्योटसँगै बजेट निर्माण, योजना छनोट, कार्यान्वयन, भुक्तानी, लेखांकन र अनुगमनसम्मका प्रक्रियामा आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाउन सुझाव दिएको छ। साथै, सबै आर्थिक कारोबार सूत्रमा समावेश गर्ने, बैंक हिसाब नियमित मिलान गर्ने, आन्तरिक आय बढाउने र स्वीकृत योजनालाई समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ।

# लोककल्याणकारी विज्ञापनको रोक्का बजेट फुकुवा गर्न पत्रकार महासंघको माग



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले सञ्चार माध्यमका लागि छुट्याइएको लोककल्याणकारी विज्ञापनको बजेट कटौती नगरी पूर्ण रूपमा कार्यान्वयन गर्न मधेश प्रदेश सरकारसँग आग्रह गरेको छ । महासंघको प्रदेश समितिले मंगलबार अर्थमन्त्री युवराज भट्टराईलाई ज्ञापनपत्र बुझाउँदै सञ्चार क्षेत्रमा आर्थिक संकट बढिरहेका बेला लोककल्याणकारी विज्ञापनको बजेट घटाउँदा सञ्चार माध्यम थप प्रभावित हुने जनाएको हो।

महासंघले लोकतन्त्र, गणतन्त्र र संघीयता स्थापनाका लागि भएका आन्दोलनदेखि सामाजिक रूपान्तरणसम्म सञ्चार माध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरेको छ । पछिल्लो समय सरकारी विज्ञापनमा आएको कमी र सञ्चार माध्यमको आम्दानी घटेका कारण पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा अनलाइन सञ्चार माध्यम आर्थिक दबाबमा रहेको महासंघको भनाइ छ।

मधेश प्रदेश सरकारले गृह, सञ्चार तथा कानुन मन्त्रालयअन्तर्गत आमसञ्चार प्राधिकरणमार्फत विगतदेखि सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको छ। रकम न्यून भए पनि यसले आर्थिक संकटमा रहेका सञ्चार माध्यमलाई केही राहत पुग्दै आएको महासंघले जनाएको छ।

चालु आर्थिक वर्षमा लोककल्याणकारी विज्ञापनका लागि बजेट शीर्षक नम्बर २२५२२ मा ७० लाख रुपैयाँ विनियोजन गरिएको थियो। तर, वित्तीय समायोजनका नाममा उक्त बजेटको ५० प्रतिशत रोक्का गरिएपछि ३५ लाख रुपैयाँ मात्रै खर्च गर्न सकिने अवस्था आएको महासंघले जनाएको छ । महासंघले सञ्चार माध्यमको आर्थिक अवस्था कमजोर भइरहेका बेला लोककल्याणकारी विज्ञापनको बजेटसमेत घटाउँदा त्यसको असर सञ्चार माध्यमसँगै पत्रकारको रोजगारीमा समेत पर्ने बताएको छ । रोक्का गरिएको ३५ लाख रुपैयाँ फुकुवा गरी विनियोजित ७० लाख रुपैयाँ नै पूर्ण रूपमा कार्यान्वयन गर्न महासंघले माग गरेको छ।

यस्तै, पत्रकारिता क्षेत्रको संस्थागत विकासका लागि स्थापना गरिएका मिडिया काउन्सिल र आमसञ्चार प्राधिकरणलाई प्रभावकारी बनाउन विनियोजित बजेटमा कटौती नगर्न तथा आवश्यकताअनुसार थप बजेट व्यवस्था गर्न पनि महासंघले सरकारको ध्यानाकर्षण गराएको छ।

महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जाडाले सञ्चार माध्यमलाई राज्यको चौथो अंगका रूपमा चर्चा गरेर मात्रै नपुग्ने बताए। सञ्चार क्षेत्रको संस्थागत र आर्थिक सबलीकरणका लागि सरकारले व्यवहारमै सहयोग गर्नुपर्ने उनको भनाइ थियो । ज्ञापनपत्र बुझ्दै अर्थमन्त्री भट्टराईले रोक्का गरिएको रकम स्थायी रूपमा कटौती नभएको स्पष्ट पार्दै लोककल्याणकारी विज्ञापन वितरणको प्रक्रिया अघि बढेपछि बजेट फुकुवा गरिदिने प्रतिबद्धता जनाएका छन्।

# सामाजिक सञ्जालका प्रचारप्रति क्याम्पस प्रमुखको आपत्ति, सुधार अभियान नरोकिने दाबी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
त्रिभुवन विश्वविद्यालयअन्तर्गत जनकपुरधामस्थित रामस्वरूप रामसागर बहुमुखी क्याम्पस (राराब) का क्याम्पस प्रमुख प्रा.डा. वसन्तकुमार कर्णले क्याम्पस प्रशासन र आफ्नो कार्यशैलीलाई लिएर सामाजिक सञ्जालमा भइरहेका प्रचारप्रति आपत्ति जनाएका छन्।

मंगलबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै कर्णले निवर्तमान स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) का केही पदाधिकारी तथा युवाहरूले आफू र क्याम्पस प्रशासनविरुद्ध भ्रामक तथा निराधार सामग्री सामाजिक सञ्जालमार्फत प्रसार गरिरहेको दाबी गरे। यस्ता प्रचारले क्याम्पस सुधारका लागि आफूले अघि बढाएका कामलाई प्रभावित पार्ने प्रयास भइरहेको उनको भनाइ थियो।

पत्रकार सम्मेलनमा उनले आयकर कट्टी, विभिन्न फर्म तथा भ्याट विवरणसँग सम्बन्धित कागजातलाई लिएर उठाइएका प्रश्नबारे पनि आफ्नो धारणा सार्वजनिक गरे । उनका अनुसार आन्तरिक राजस्व कार्यालय जनकपुरधामबाट आयकर कट्टीसम्बन्धी कागजात एक पूर्वठेकेदारलाई उपलब्ध गराउने क्रममा कागजातको गोपनीयता चुहिएको अवस्था देखिएको थियो। भ्याट कागजातमा उल्लेख भएका प्यान नम्बर र ती नम्बरअन्तर्गत रहेका फर्मलाई लिएर समेत गलत व्याख्या गरिएको कर्णले दाबी गरे। एउटै प्यान नम्बरबाट एकभन्दा बढी प्रकृतिका व्यवसाय सञ्चालन गर्न सकिने कानुनी व्यवस्थालाई बेवास्ता गरी क्याम्पस प्रशासनलाई विवादमा तान्ने प्रयास भएको उनको भनाइ थियो।

पटेल अण्डा उद्योगसँग जोडेर गरिएको प्रचारबारे पनि उनले स्पष्टीकरण दिएका छन् । कर्णका अनुसार उक्त व्यवसायका सञ्चालक रुपेश पटेलकै नाममा पटेल होटलसमेत सञ्चालनमा रहेको छ । क्याम्पसमा आउने अतिथिका लागि सो होटलबाट खाना तथा नास्ता उपलब्ध गराई त्यसबापत भुक्तानी गरिएका बिललाई अण्डा खरिदको बिलका रूपमा प्रचार गरिएको उनले बताए।

त्यस्तै, आरती किराना तथा कस्मेटिक्सका सञ्चालक सरोजकुमार यादवको प्यान नम्बरमा आरती ट्राभल्स एण्ड टुर्ससमेत रहेको भन्दै क्याम्पसले सो ट्राभल्ससँग गरेको वार्षिक सम्झौताअनुसार विद्यार्थी तथा कार्यालय प्रयोजनमा प्रयोग भएका सवारीसाधनको भुक्तानीलाई विभिन्न खाद्यान्न तथा अन्य सामान खरिदसँग जोडेर प्रचार गरिएको कर्णले दाबी गरे।

आफू नेतृत्वमा आएपछि क्याम्पसको शैक्षिक तथा भौतिक पूर्वाधार विकाससँगै प्रविधिको प्रयोगलाई प्राथमिकता दिएको कर्णले बताए । क्याम्पसका कम्प्युटर प्रयोगशालामा हाईस्पिड इन्टरनेट जडानको प्रक्रिया अघि बढाइएको उनले जानकारी दिए। क्याम्पसमा मेगा परीक्षा भवन निर्माणको काम पनि अघि बढिरहेको उनले बताए। त्रिभुवन विश्वविद्यालयकै नमुना परीक्षा हलका रूपमा निर्माण भइरहेको उक्त भवन मंसिरसम्म सम्पन्न गरी हस्तान्तरण गर्ने लक्ष्य रहेको कर्णले जानकारी दिए । परीक्षा सञ्चालनका क्रममा नियमित कक्षा प्रभावित हुने समस्या समाधान गर्न परीक्षा भवन उपयोगी हुने उनको भनाइ छ।

कानुन विषयको अध्ययन विस्तार गर्ने क्रममा एलएलबी कार्यक्रम सञ्चालनमा आइसकेको र कानुन विषयका लागि छुट्टै भवन निर्माणको कामसमेत अघि बढाइएको उनले बताए।

विज्ञान भवनको जीर्ण छतका कारण सुरक्षा जोखिम रहेको भन्दै त्यसको पुनर्निर्माणको तयारी भइरहेको कर्णले जानकारी दिए। उनका अनुसार छत निर्माणका लागि यूएनडीपीबाट १ करोड २५ लाख रुपैयाँ सहयोगको प्रतिबद्धता प्राप्त भएको छ । सहयोग प्राप्त भएपछि निर्माणको काम सुरु गरिने उनले बताए।

क्याम्पसको खेलमैदानमा वर्षायाममा पानी जम्ने समस्या समाधान गर्न पनि काम अघि बढाइएको कर्णले बताए । आगामी तीन महिनाभित्र क्याम्पस परिसरमा कंक्रिटको बास्केटबल तथा ब्याडमिन्टन कोर्ट निर्माण गर्ने तयारी रहेको उनले जानकारी दिए।

यसैगरी, क्याम्पसमा विद्युतीय पुस्तकालय स्थापना भइसकेको र विद्यार्थीको मागअनुसार त्यसलाई विज्ञान भवनमा स्थानान्तरण गर्ने काम अन्तिम चरणमा पुगेको उनले बताए । त्रिभुवन विश्वविद्यालयबाट उपलब्ध हुने माइक्रोसफ्ट ३६५ आईडीका लागि विद्यार्थीको विवरण संकलनसमेत पूरा भएको कर्णले जानकारी दिए।

राराबलाई अनुसन्धानमुखी शैक्षिक संस्थाका रूपमा विकास गर्ने योजना पनि अघि बढाइएको उनले बताए । क्याम्पसले पहिलोपटक अनुसन्धान जर्नल प्रकाशनको पहल गरेको र डिजिटल तथा भौतिक दुवै स्वरूपमा जर्नल निकाल्ने तयारी भइरहेको कर्णको भनाइ छ।

# ९४ लाख ठगी गर्ने दुईजना पक्राउ

मधेशदृष्टिकाठमाडौँ ।वैदेशिक रोजगारीका लागि विदेश पठाइदिने भन्दै रु ९४ लाख ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुले धादिङका ईश्वर खतिवडा र लमजुङका खर्वा तामाङलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार खतिवडाले स्लोभानिया र माल्दिभ्स पठाइदिने भन्दै २५ जनाबाट रु ८५ लाख ठगी गरेको आरोप लागेको छ। रकम लिएर विदेश नपठाई सम्पर्कविहीन भएपछि पीडितले उजुरी दिएका थिए ।त्यस्तै, तामाङले जापान पठाइदिने भन्दै एक जनाबाट रु नौ लाख लिएको उजुरीका आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ । उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार खतिवडालाई काठमाडौँ महानगरपालिका–२६ बाट र तामाङलाई काठमाडौँ–९ सिनामङ्गलबाट पक्राउ गरिएको हो । उनीहरु माथि थप अनुसन्धान भइरहेको छ।

# दुई वर्षदेखि नवीकरण नभएका संस्था

## अद्यावधिक गर्न महोत्तरी प्रशासनको सूचना



**अभिलेख अद्यावधिक:** महोत्तरी प्रशासनद्वारा २ वर्षदेखि नवीकरण नभएका संस्थाहरूको अभिलेख अद्यावधिक कार्य सुरु।
**२ महिनाको समयसीमा:** तोकिएको अवधिसित्र नवीकरण नगरे संस्थाहरू खारेज गरिने चेतावनी।
**नयाँ दर्ता स्थगित:** अद्यावधिक कार्य नसकिएसम्म नयाँ संस्था दर्ता हाललाई बन्द।

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लामा दर्ता भएका संघसंस्था तथा गैरसरकारी संस्थाको अभिलेख अद्यावधिक गर्ने प्रक्रिया अघि बढाएको छ । कार्यालयले दुई वर्षभन्दा बढी समयदेखि नवीकरणका लागि सम्पर्कमा नआएका संस्थालाई दुई महिनाभित्र आवश्यक प्रक्रिया पूरा गरी नवीकरण तथा अभिलेख अद्यावधिक गर्न सूचना जारी गरेको हो।

जिल्ला प्रशासन कार्यालयका अनुसार संस्था दर्ता ऐन, २०३४ तथा संस्था दर्ता नियमावली, २०३४ बमोजिम महोत्तरीमा हालसम्म २ हजार ३२ वटा संस्था दर्ता भएका छन् । तर, तीमध्ये नियमित रूपमा नवीकरण हुने संस्थाको संख्या निकै कम रहेको कार्यालयले जनाएको छ । बाढी तथा कार्यालय भवन स्थानान्तरणका क्रममा कतिपय संस्थाका विधानसहितका सक्कल मिसिल नष्ट वा हराएको प्रशासनले जनाएको छ । दर्ता भएका संस्थाको वास्तविक अवस्था पहिचान गरी अभिलेख व्यवस्थित गर्न पनि अद्यावधिकको प्रक्रिया अघि बढाइएको कार्यालयको भनाइ छ।

लामो समयसम्म नवीकरणका लागि सम्पर्कमा नआएका संस्थाले दर्ता हुँदाको उद्देश्यअनुसार काम गरिरहेका छन् वा छैनन् भन्ने विषयमा समेत अन्योल रहेको प्रशासनले जनाएको छ । त्यस्ता संस्थाबाट प्राप्त हुनुपर्ने नवीकरण दस्तुरसमेत समयमा संकलन हुन नसकेको कार्यालयले उल्लेख गरेको छ । कार्यालयले तोकिएको दुई महिनाको अवधिमा नवीकरण तथा अभिलेख अद्यावधिकका लागि सम्पर्कमा नआउने संस्थाविरुद्ध प्रचलित कानुनअनुसार खारेजीलगायतका प्रक्रिया अघि बढाइने चेतावनी दिएको छ।

नवीकरणका लागि संस्थाले दर्ता प्रमाणपत्र र विधान, साधारण सभाको माइन्युट, नवीकरण गर्ने कार्यसमितिको निर्णयसहितको निवेदन, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, प्यानसहितको कर चुक्ता प्रमाणपत्र, विगतमा सम्पन्न कामको प्रगति विवरण, आगामी कार्ययोजना र सम्बन्धित स्थानीय तहको नवीकरण सिफारिस पेस गर्नुपर्नेछ। अभिलेख अद्यावधिक तथा नवीकरणको प्रक्रिया पूरा नभएसम्म नयाँ संस्था दर्ता गरी प्रमाणपत्र जारी गर्ने कामसमेत रोकिएको प्रशासनले जनाएको छ । अद्यावधिक र नवीकरणको काम सकिएपछि नियमानुसार नयाँ संस्था दर्ताको प्रक्रिया पुनः सञ्चालन गरिने कार्यालयले स्पष्ट पारेको छ।

# प्रदेशका कर्मचारीहरु दुई महिनादेखि पाएनन् तलब



**मधेशदृष्टि**
**रौतहट।**
आर्थिक वर्ष २०८३/८४ सुरु भएको दुई महिना बितिसक्दा पनि रौतहटमा मधेश प्रदेश सरकारअन्तर्गतका केही कार्यालयमा कार्यरत कर्मचारीले तलब पाउन सकेका छैनन्। लेखा हेर्ने कर्मचारीको अभावमा तलब भुक्तानीसँगै कार्यालयका नियमित आर्थिक कारोबारसमेत प्रभावित भएका छन्।

रौतहटस्थित पूर्वाधार विकास कार्यालय, पर्यटन विकास कार्यालय तथा जलस्रोत तथा सिँचाइ विकास कार्यालयका कर्मचारीले साउन र भदौको पारिश्रमिक अझै पाएका छैनन् । कर्मचारी नियमित रूपमा कार्यालयमा उपस्थित भएर काम गरिरहे पनि लेखा कर्मचारी नहुँदा तलब भुक्तानीको प्रक्रिया अघि बढ्न नसकेको कार्यालय प्रमुखहरूले बताएका छन्।

पूर्वाधार विकास कार्यालय रौतहटका प्रमुख विजय यादवका अनुसार कार्यालयमा सातौँ तहको लेखा कर्मचारीको दरबन्दी भए पनि साउनदेखि उक्त पद रिक्त छ । यसअघि संघीय सरकारका लेखा कर्मचारीलाई थप जिम्मेवारी दिएर कार्यालयको आर्थिक कारोबार सञ्चालन गरिँदै आएको थियो। तर, नयाँ आर्थिक वर्षदेखि प्रदेश सरकारले आफ्नै कर्मचारी व्यवस्थापन गर्ने नीति लिएपछि हालसम्म लेखा कर्मचारी नआएको यादवले बताए। उनका अनुसार लेखा कर्मचारी नहुँदा कर्मचारीको तलब तथा भत्तासँगै कार्यालयका अन्य आर्थिक कारोबारसमेत प्रभावित भएका छन्।

पर्यटन विकास कार्यालय रौतहटका प्रमुख बबिता जैसवालले पनि कर्मचारीले दुई महिनादेखि तलब नपाउँदा व्यक्तिगत तथा कार्यालय सञ्चालनमा समस्या भइरहेको बताइन् । कार्यालयको घरभाडा भुक्तानीदेखि दैनिक प्रशासनिक खर्च व्यवस्थापनमा समेत कठिनाइ भइरहेको उनको भनाइ छ।

उता, जलस्रोत तथा सिँचाइ विकास कार्यालय रौतहटमा पनि लेखा कर्मचारीको अभावकै कारण आर्थिक कारोबार प्रभावित भएको छ। अर्थ मन्त्रालयले गत भदौ ११ गते प्रदेश लेखा इकाइ रौतहटका लेखा अधिकृत प्रेमप्रसाद पोखरेललाई उक्त कार्यालयमा खटाए पनि उनी हालसम्म कार्यालयमा हाजिर नभएको बताइएको छ।

तलब रोकिएपछि कर्मचारीको समस्या चाडपर्व नजिकिँदै जाँदा थप चर्किएको छ । बडादसैँ आउन करिब दुई साता मात्रै बाँकी रहेकाले दुई महिनाको पारिश्रमिक रोकिँदा कर्मचारीलाई घरायसी तथा चाडपर्वको खर्च व्यवस्थापनमा समेत कठिनाइ भएको छ।

मधेश प्रदेश अर्थ मन्त्रालयका सचिव सेवन्तक पोखरेलका अनुसार यसअघि प्रदेश मातहतका कार्यालयमा संघीय सरकारका लेखा कर्मचारीलाई थप जिम्मेवारी दिएर आर्थिक कारोबार सञ्चालन गरिँदै आएको थियो । नयाँ आर्थिक वर्षदेखि भने प्रदेशकै कर्मचारी व्यवस्थापन गर्ने नीति लिइएको उनले बताए।

प्रदेश मातहतका ठूला कार्यालयमा कार्यालयपिच्छे लेखा कर्मचारी व्यवस्थापनका लागि मन्त्रालयले काम गरिरहेको बताउँदै सचिव पोखरेलले केही दिनभित्र समस्या समाधान हुने दाबी गरेका छन्।

तर, आर्थिक वर्ष सुरु भएको दुई महिना बितिसक्दा पनि लेखा कर्मचारी व्यवस्थापन नहुँदा रौतहटका प्रदेश कार्यालयमा कर्मचारीको तलबदेखि घरभाडा र दैनिक प्रशासनिक खर्च भुक्तानीसम्मका काम प्रभावित भएका छन्।

# सर्वोच्चको आदेशपछि धनुषाका

## चार वडाध्यक्षलाई काममा फर्किने बाटो खुल्यो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाका चार वडाध्यक्षलाई पद रिक्त गर्ने निर्वाचन आयोगको निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले आदेश दिएको छ । आदेशसँगै आयोगको निर्णयबाट पद गुमाएका चारै जना वडाध्यक्षलाई यथास्थितिमा रहेर आ–आफ्नो वडाको कामकाज सञ्चालन गर्ने बाटो खुलेको हो।

सर्वोच्चको आदेशपछि मिथिला नगरपालिका–२ का बिहारी महतो, शहीदनगर नगरपालिका–८ का तनुकलाल कुसियैत, विदेह नगरपालिका–६ का जयराम मण्डल र कमला नगरपालिका–५ का शिवा पासवानले वडाध्यक्षकै हैसियतमा काम गर्न पाउने भएका छन्।

दल त्याग गरी अन्य राजनीतिक दलमा प्रवेश गरेको आरोपमा निर्वाचन आयोगले उनीहरूको पद रिक्त भएको घोषणा गरेपछि चारै जनाले त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले मुद्दाको अन्तिम टुंगो नलागेसम्म उनीहरूलाई यथास्थितिमा रही कामकाज गर्न दिन आदेश दिएको हो।

सर्वोच्चको आदेशमा निवेदकहरूले दल त्याग गरेको वा अन्य राजनीतिक दलमा प्रवेश गरेको भन्ने विषयमा तत्काल तथ्ययुक्त र मनासिब आधार नदेखिएको उल्लेख छ । विवादको अन्तिम निरुपण नभएसम्म उनीहरूलाई पदमा रही नियमित कामकाज गर्न दिन अदालतले आदेश दिएको हो।

साथै सर्वोच्चले निर्वाचन आयोग, महान्यायाधिवक्ताको कार्यालयलगायत विपक्षीलाई कानुनबमोजिम लिखित जवाफ पेस गर्न आदेश दिएको छ । त्यसैले चार वडाध्यक्षको पदसम्बन्धी विवादको अन्तिम निर्णय भने मुद्दाको थप सुनुवाइपछि हुने भएको छ।

यसअघि निर्वाचन आयोगले भदौ ३१ गते सूचना जारी गर्दै चारै जना वडाध्यक्षको पद रिक्त भएको जनाएको थियो । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३२ (१) र राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २२ बमोजिम सम्बन्धित दलको केन्द्रीय समितिले उनीहरू अन्य दलमा प्रवेश गरेको जानकारी गराएपछि पद स्वतः रिक्त भएको आयोगको भनाइ थियो।

आयोगका अनुसार चारै जना तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बाट २०७९ सालको स्थानीय तह निर्वाचनमा निर्वाचित भएका थिए। उनीहरूले दल त्याग गरी अन्य दलमा प्रवेश गरेको भन्दै सम्बन्धित दलको केन्द्रीय समितिको निर्णयसहितको जानकारी आयोगमा प्राप्त भएपछि आयोगले पद रिक्त हुने निर्णय गरेको थियो।

आयोगको निर्णयविरुद्ध सर्वोच्च पुगेका वडाध्यक्षहरूको पक्षमा आएको अन्तरिम आदेशपछि उनीहरू तत्कालका लागि पुनः वडाको नियमित कामकाजमा सहभागी हुन पाउने भएका छन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन